## पाठ - 5
## खुल्लम खुल्ला प्रचार

## الدرس الخامس - نيبالي
## الدعوة الجهرية

रसूल ﷺ ले तीन बर्ष सम्म बेगला बेगलै गुप्त रुपले प्रचार गर्नु भयो, त्यस पछि अल्लाह तआलाले यो आयत अवतरित गर्नु भयो: ﴿فَاصْدَعْ بِمَا تُؤْمَرُ وَأَعْرِضْ عَنِ الْمُشْرِكِينَ﴾ [الحجر:٩٤]

जुन् आदेश तपाइलाई प्राप्त भएको छ त्यो स्पष्ट रुपमा सुनाइ दिनुस, र मुशरिकहरु सँग मुख फर्काइ लिनुस त्यस पछि नबी ﷺ ले एक दिन सफा पहाडिमा उभेर मक्कावासी हरुलाई संबोधित गर्नु भयो, धेरै मानिसहरु त्यहाँ जम्मा भए, तिनीहरु बीच मुहम्मद ﷺ को काका अबुलहब पनि थियो, र त्यो अल्लाह र रसूल ﷺ को ठुलो दुश्मन् अर्थात शत्रु थियो, तसर्थ जब मानिसहरु उपस्थित भइसके त रसूल ﷺ ले उनीहरुलाई संबोधन गर्दै यो भन्नु भयो कि «यदि म यो भनौं कि यस पहाडको पछाडि दुश्मन्को एउटा टोली तिमीहरु माथि आक्रमणको लागि लुकेर बसेको छ त के तिमीहरु मेरो कुरा माथि विश्वास गर्छौं?» सबैले एकै स्वरमा भने कि हो, हामीले संधै तपाइलाई सच्चा र निष्ठावान पाएका छौं, त उहाँले भन्नु भयो कि «म तिमीहरुलाई ठूलो सजाय र यातनाबाट सावधान गर्दछु» त्यस पछि सबैलाई अल्लाह तिर आउने र मुर्ती पुजा छोड्ने निमन्त्रण पेश गर्नु भयो, तर सबैको बीचबाट अबुलहबले उभेर भन्यो कि तिमी बर्बाद होस, के तिमीले यसै कारण हामी सबैलाई एकत्रित गरेको? त अल्लाहले कुरआनमा कयामत सम्म पढिने एउटा सुरह अवतरित गर्नु भयो:

تَبَّتْ يَدَا أَبِي لَهَبٍ وَتَبَّ * مَا أَغْنَى عَنْهُ مَالُهُ وَمَا كَسَبَ * سَيَصْلَى نَارًا ذَاتَ لَهَبٍ * وَامْرَأَتُهُ حَمَّالَةَ الْحَطَبِ * فِي جِيدِهَا حَبْلٌ مِنْ مَسَدٍ

अबुलहबको दुवै हात भाँचिए, र स्वयं त्यो पनि नष्ट भइहाल्यो, नत उसको सम्पत्ति उसको काम आयो, नत उसको कमाइ, ऊ शिघ्र नै प्रज्वलित आगोमा पर्ने छ र उसकि स्त्री पनि पर्नेछ, जसले दाउरा बोकनेवाली छे, उसको घाँटिमा खोजुरबाट बनाइएको डोरी हुनेछ ।

नबी ﷺ आफ्नो प्रचार प्रसार जारी राख्नु भयो, बरु मानिसहरुको बीचमा खुल्लम खुल्ला प्रचार गर्न थाल्नु भयो, काबाको नजिक पुगेर नमाज पढनु हुन्थ्यो, मानिसहरुको भिडमा उपस्थित हुन्थ्यो, बजारमा आएर मुशरिकहरुलाई इस्लामको निमन्त्रण पेश गर्नु हुन्थ्यो, जस कारण उहाँले धेरै दुख: पाउनु भयो, र साथमा मुस्लिम भएको व्यक्तिहरु माथि पनि नासतिकहरुको अत्याचार बढदै गयो, यासिर, सोमैया, र उनी दुवैको छोरा अम्मार माथि भएको अत्याचार त मात्र एउटा नमुना हो, जसमा अम्मारको आमा बुवा दुवै सजायको पिडाले शहीद हुनु भयो, र सोमैया इस्लाममा प्रथम शहीद घोषित भइन,

त्यसतै बेलाल बिन रेबाह अलहबशी ﵁ ले ओमैया बिन खलफ र अबुजहलको हातबाट धेरै सजाय काटनु भयो, बेलाल ﵁ अबुबकर﵁ को माध्यमबाट इस्लाममा प्रवेश गरेका थिए, र जब उहाँको मालिक ओमैया बिन खलफलाई यस कुराको जानकारी भयो त उसले इस्लामबाट हटाउनको लागि हरेक प्रकारको सजाय प्रयोग गर्यो, तर उहाँले छोडेनन् बरु आफ्नो धर्मलाई समाति राख्नु भयो, उहाँलाई हत्कडी लगाएर मक्काबाट बाहिर लैजान्थ्यो, र तातो बलुवामा लेटाएर छातीमा ठुलो ढुंगा राख्ने गर्थ्यो, र त्यस पछि साथीहरु सँग मिलेर कोराले पिटन थाल्थ्यो, तर बेलाल ﵁ अहद, अहद, अर्थात अल्लाह एउटै हो भन्ने कुरा दोहरियाउने गर्नु हुन्थ्यो, यस्तै अवस्थामा अबुबकर ﵁ त्यहाँ आइ पुग्नु भयो, र औमयाबाट खरिद गरेर अल्लाहको बाटोमा आजाद गरिदिनु भयो ।

अत्याचारको यस्तो समयमा रसूल ﷺ को लागि समझदारी यही थियो कि मुस्लिमहरुलाई आफ्नो इस्लाम बारे कसैलाई नभन्ने आदेश दिनु हुन्थ्यो, साथीहरु सँग लुकाएर भेँटनु हुन्थ्यो, किन भने यदि खुल्लम खुल्ला उनीहरु सँग भेँटनु भयो भने मुशरिकहरुले उनीहरुको बीच र उनीहरुले पाइरहेको शिक्षा र ज्ञानको बीच बाध्यता पुर्याउन सकनु हुन्थ्यो, र दुवै समुहमा भिडन्तको पनि समभावना थियो, र भिडन्तको अवस्थामा मुस्लिमहरु ब्र्बाद र समाप्त हुन सकनु हुन्थ्यो, किन भने उनीहरुको संख्या र उनीहरु सँग भएको हातहथियार थोरै थियो, यस्तो अवस्थामा लुकाएर गुप्त रहनु नै समझदारी र बुद्धिको कुरा थियो, तर रसूल ﷺ ले आफै हरेक प्रकारको कष्ट र दुख:का बावजूद खुल्लम खुल्ला मुशरिकहरुमा इस्लामको प्रचार गर्नु हुन्थ्यो, र अल्लाहको इबादत अर्थात उपासना गर्नु हुन्थ्यो ।